प्रस्तावहरुः

१. दुरदृष्टि सम्बन्धमा ।

२. शिक्षा समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

३. ईलाका प्रशासन कार्यालय नरैनापुरलाई सहयोग सम्बन्धमा ।

४. सशस्त्र प्रहरी बललाई सहयोग सम्बन्धमा।

गाउँ कार्यपालिकाको
बैठक संख्या- १
मिति : २०८१।०४।०१
निर्णय प्रमाणित:

निर्णयहरु:

१. यस नरैनापुर गाउँपालिकामा उल्लेख्य रुपमा बसोबास रहेको मुस्लिम धर्मावलम्बीहरुको महान चाडको रुपमा रहेको मोहर्रम पर्वको अवसरमा अत्यावश्यक बाहेकका सम्पूर्ण सेवाहरु बन्द रहने गरी मिति २०८१।०४।०२ गते गाउँपालिका र मातहतका सम्पूर्ण कार्यालय, विद्यालय र मदरसाहरुमा सार्वजनिक विदा दिने।

२. नरैनापुर गाउँपालिकामा युनिसेफको सहयोगमा तर्जुमा भएको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०८० (Local Disaster and Climate Resilience plan, 2081) पारित गरी कार्यान्वयन गर्ने।

३. यस गाउँपालिका अन्तर्गत रहेका नदी, खोला, नाला लगायतका अन्य स्रोतहरुको पहिचान तथा खोजी गरी राजश्व संकलनमा वृद्धि गर्न आवश्यक राय सुझाव सहितको प्रतिवेदन ७ दिन भित्र पेश गर्न वडा नं ६ का वडा अध्यक्ष श्री प्रेमचन्द्र मौर्य समेतको संलग्नतामा राजश्व परामर्श समितिलाई निर्देशन दिने।

४. यस कार्यालयमा कार्यरत करार कर्मचारीहरुको का.स.मु. का आधारमा आगामी कार्यपालिकाको बैठकमार्फत अनुमोदन गराई चालु आर्थिक वर्ष २०८१/८२ को लागि करार कर्मचारीहरुको म्याद थप गर्ने ।

प्रस्तावहरु:

१. सार्वजनिक विदा सम्बन्धमा ।

२. LDCRP सम्बन्धमा ।

३. राजश्व स्रोत सम्बन्धमा ।

४. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

गाउँ कार्यपालिकाको
बैठक संख्या- २
मिति : २०८१।०४।०४
निर्णय प्रमाणित:...............

निर्णयहरु:

१. यस नरैनापुर गाउँपालिकामा विगत वर्षदेखि निरन्तर रुपमा कार्यरत गैर सरकारी संस्था World Vision International, Nepal ले यस गाउँपालिकाकाका जोखिम तथा अति विपन्न बालबालिकाको सम्वृद्धि तथा विकासको लागि यसै गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारी एवं सम्बद्ध अन्य सरोकारवालाहरु सँगको नियमित तथा लामो छलफल पश्चात तय भएको देहाय बमोजिको दुरदृष्टिलाई अनुमोदन गर्ने ।

<u>देहाय</u>

दुरदृष्टि: "शिक्षित, स्वस्थ, संरक्षित  तथा सिर्जनशील बालबालिका; समृद्ध नरैनापुर गाउँपालिका"

२. आजकै मितिमा बसेको गाउँ शिक्षा समितिले गरेको निर्णय कार्यान्वयन गर्न गराउन आवश्यक व्यवस्था मिलाई सहजीकरण गर्ने ।

३. मिति २०८१।०४।०३ गते मात्र पूनर्स्थापना भएको ईलाका प्रशासन कार्यालय, नरैनापुर बाँकेको आफ्नो भवन लगायतका संरचनाहरु नभएको र हाललाई कर्मचारीहरुलाई बसोबास गर्न पनि समस्या देखिएकोले आवश्यक सहयोग तथा सहजीकरण गरिदिन भनि सम्बन्धित कार्यालयबाट मिति २०८१/०४।०४ गतेको प्राप्त पत्र बमोजिम बसोबासको व्यवस्था मिलाउन घर भाडामा लिने ।

४. सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म (विओपि) नरैनापुरले पत्र संख्या (०८१/८२)/०२ , मिति २०८१।०४।०४ गतेको पत्र मार्फत माग गरेको ट्रस र मेश निर्माण,AA 9211 नम्बरको TATA YODHA गाडीको २ वटा टायर, २ वटा दराज र दैनिक कार्यालय तथा कक्षा संचालनको लागि टेबुल र कुर्सीहरुको लागि लागत अनुमान तयार  पारी सो बमोजिम हुन आउने रकम अनुमोदन गर्ने ।